नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
महिला तथा बालबालिका विभाग
(प्रशासन शाखा)
फोन नं. ५५४७०१५, ५५२३८२७
फ्याक्स : ५५२१२१४
E-Mail: dwd1@wlink.com.np
Web site: www. dwd.gov.np
ललितपुर ।

पत्र संख्या : क.प्र. ०७४।७५
चलानी नं. :४३५

मिति : २०७४।७।२४

विषय : ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ सम्बन्धमा ।

श्री महिला तथा बालबालिका कार्यालय,
७५ जिल्ला ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (विकेन्द्रीकरण शाखा) को च.नं. ४४ मिति २०७४।७।२२ को पत्रबाट नेपालको संविधानको धारा ४१ मा उल्लेखित ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक ऐन, २०६३ तथा नियमावली, २०६५ समेतमा भएको व्यवस्था बमोजिम हाल महिला तथा बालबालिका कार्यालयद्धारा वितरण हुँदै आएको ज्येष्ठ नागरिक परिचयपत्र अब उप्रान्त स्थानीय तहबाटै वितरण हुने व्यवस्था गरेकोले सोही व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ को छायाँप्रति यसै साथ संलग्न छ ।

विनोद कुमार खनाल
शाखा अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन नं: ०१४२००२९२

विकेन्द्रीकरण शाखा

सिंहदरवार, काठमाडौं

पत्र संख्याः०७४/०७५

चलानी नं. ४४

मिति:२०७४।०७।२२

विषयः ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै) ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको च.नं. १८ मिति २०७४।०६।१७ को पत्रानुसार नेपालको संविधानको धारा-४१ मा उल्लेखित ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक ऐन, २०६३ तथा नियमावली, २०६५ समेतमा भएको व्यवस्था बमोजिम ज्येष्ठ नागरिक परिचय पत्र वितरणको जिम्मेवारी स्थानीय तहबाटै हुने र ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ यस मन्त्रालय मार्फत स्थानीय तहमा पठाउन परिपत्रको लागि अनुरोध भई आएकोमा सवै स्थानीय तहहरुमा आवश्यक कार्यार्थ पठाउने भनि आदेश भएको व्यहोरा अनुरोध छ ।

प्रल्हाद कुमार कार्की
(उप-सचिव)

**बोधार्थ :**

श्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

श्री विद्युतीय शासन शाखा ,
सं.मा.तथा स्था.वि.म., सिंहदरबार, काठमाडौं ।- यो पत्र Website मा Upload गरिदिनुहुन ।

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४

(नमुना)

१. परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७४, जारी गरिएको छ ।

२. परिचय-पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

३. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. ज्येष्ठ नागरिकको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

६. परिचय-पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

८. परिचय-पत्र वितरण प्रक्रिया :

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी न.पा./गा.पा.को कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

९. विविध :

क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूची १

## ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा

### ज्येष्ठ नागरिक परिचय-पत्र

| फोटो |
|---|

प.प. नं :-

नाम थर: ..............................................

ना.प्र.नं.: ..........

ठेगाना: जिल्ला ........................गा.पा./न.पा.: ............................

वडा नं.: ........... टोल/गाऊँ: .........

उमेर: ........... लिङ्ग: ...........

उपलब्ध छुट तथा सुविधाहरु : ......................................

पति/पत्नीको नाम : ...............................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण: .................................................................

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोबाइल नं. :

..........................................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम

..........................................................................................................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :